नेपाल सरकार
# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाण्डौं
(स्थानीय तह समन्वय शाखा)

पत्र सं.:-२०८०/०८१

चलानी नं.:- 806

मितिः- २०८०/१२/३०

श्री स्थानीय तह (पत्रमा उल्लेखित) १३७,

विषय :- जानकारी गराउने सम्वन्धमा ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, योजना तथा वैदेशिक सहायता शाखाको च.नं. २४० मिति २०८०/१२/२७ को पत्राचार सम्वन्धी पत्रको छायाँकपि थान १० (दस) यसै पत्रसाथ संलग्न राखी आवश्यक कार्यार्थ पठाईएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

(आयुषी भट्टराई)
शाखा अधिकृत

**बोधार्थः**

श्री संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय ।

श्री सूचना प्रविधि शाखा : सबै स्थानीय तहको ईमेलमा पठाउनुको साथै यस मन्त्रालयको website मा समेत Upload गरिदिनु हुन

नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल
(योजना तथा वैदेशिक सहायता शाखा)
planning@tourism.gov.np
सिंहदरबार, काठमाडौं
नेपाल

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
दर्ता नं.:- ४०८०
दर्ता मितिः- १२/२०

पत्र संख्या:- ०८०/८१
च.नं. : योजना/ २४०

विक्रम संवत्: २०८०/१२/२७ गते मंगलबार
नेपाल संवत्: ११४४ चौलाथ्व, १ मंगलबार

विषयः पत्राचार गरिदिने सम्बन्धमा।

श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
(स्थानीय तह समन्वय शाखा)
सिंहदरबार, काठमाडौं।

उपर्युक्त विषयमा, यस मन्त्रालयको च.नं. योजना/२३४ मिति २०८०/१२/२२ गतेको पर्यटन पूर्वाधार तथा पर्यटन उपज विकास साझेदारी कार्यक्रम सम्बन्धमा विषयक पत्र तथा संलग्न कागजातहरु यसैसाथ संलग्न १३७ वटा स्थानीय तहहरुमा पत्राचार गरिदिनुहुन आदेशानुसार अनुरोध छ।

संलग्न कागजातहरु:

क. च.नं. योजना/२३४ मिति २०८०/१२/२२ गतेको पर्यटन पूर्वाधार तथा पर्यटन उपज विकास साझेदारी कार्यक्रम सम्बन्धमा विषयक पत्र।

ख. साझेदारी कार्यक्रम सञ्चालन भएका १३७ स्थानीय तहहरुको सूची।

२०८०/१२/२६

....................
(रोशन राई)
शाखा अधिकृत

नेपाल सरकार

# संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

सिंहदरबार, काठमाडौं, नेपाल

(योजना तथा वैदेशिक सहायता शाखा)

पत्र संख्या:- ०८०/८१

च.नं. योजना / २३८

मिति:२०८०/१२/२२ गते बिहीबार

नेपाल संवत् ११४४ चिल्लागा,१० बिहीबार

विषय: पर्यटन पूर्वाधार तथा पर्यटन उपज विकास साझेदारी कार्यक्रम सम्बन्धमा।

श्री पर्यटन पूर्वाधार तथा पर्यटन उपज विकास साझेदारी कार्यक्रम सञ्चालन भएका १३७ वटा स्थानीय तह।

उपर्युक्त विषयमा पर्यटन पूर्वाधार तथा पर्यटन उपज विकास साझेदारी (सञ्चालन तथा व्यवस्थापन) निर्देशिका, २०७७ बमोजिम यस मन्त्रालय र त्यहाँ स्थानीय तहसँगको साझेदारीमा सञ्चालित कार्यक्रमको लागि राष्ट्रिय अर्थतन्त्रमा परेको चाप र यस मन्त्रालयका लागि प्राप्त बजेट सीमाको आकारको कारणले गर्दा मन्त्रालयको लागतमध्यको बाँकी दायित्वको लागि पर्याप्त बजेट व्यवस्था गर्न नसकिने अवस्था सिर्जना भएको सन्दर्भमा ती कार्यक्रमहरुको हालसम्मको कार्य प्रगतिको अवस्था, ती कार्यक्रमले मुलुकको आर्थिक विकासमा पुर्‍याएको भूमिका र ती कार्यक्रमको औचित्य र उपादेयता समेतको आधारमा निरन्तरता दिनु पर्ने या नपर्ने विषयमा बृहत् र यथार्थपरक छलफल गरी निष्कर्षमा पुग्नु पर्ने अवस्था देखिएको हुँदा संलग्न सूची बमोजिमका स्थानीय तहमा कार्यान्वयनमा रहेका कार्यक्रमहरुको लागत प्रभावकारिता र औचित्यका आधारमा सम्झौताबमोजिम सम्पन्न गर्न नसकिने कार्यक्रमहरु रोक्का गर्ने प्रयोजनार्थ तपसिल बमोजिमका विवरणहरु ३ दिनभित्र उपलब्ध गराइदिनु आदेशानुसार अनुरोध छ।

तपसिल:

| क.सं. | विवरण | |
|---|---|---|
| १ | योजनाको नाम | |
| २ | बोलपत्र पश्चात् कायम भएको ठेक्का कबोल अङ्क | |
| ३ | मन्त्रालयको लागत रकम | |
| ४ | स्थानीय तहको लागत रकम | |
| ५ | स्थानीय तहबाट हालसम्म उक्त कार्यक्रममा खर्च भएको रकम | |
| ६ | आ.व. २०८०/०८१ को निकासा | |

फोन नं. ४२११८७९, ४२११८७०, ४२११६२० | इमेल: info@tourism.gov.np | वेवसाइट: www.tourism.gv.np

नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

पत्र संख्याः-
च.नं.

(योजना तथा वैदेशिक सहायता शाखा)

| | | |
|---|---|---|
| ७ | हालसम्म निकासा भएको रकम | |
| ८ | हालसम्मको भौतिक प्रगति प्रतिशत | |
| ९ | भुक्तानी प्रतिशत | |
| १० | मन्त्रालयको लागतमध्ये निकासा गर्नु पर्ने बाँकी रकम | |
| ११ | मन्त्रालयबाट निकासा भई रकम खर्च नभएको भए सोको विवरण (खर्च हुन नसकेको रकम फिर्ता गरिएको भए सम्बन्धित को.ले.नि.का.को सिफारिस | |
| १२ | उजुरी परेको भए सोको विवरण | |
| १३ | आयोजनाको फोटो | |
| | कैफियत | |

(रोशन राई)
शाखा अधिकृत